॥ नमो रत्नत्रयाय ॥

# लुम्बिनी बौद्ध विश्वविद्यालय
# LUMBINI BUDDHIST UNIVERSITY
## स्कुल अफ ल
## SCHOOL OF LAW

प.सं.

च.नं.

मितिः २०८२/०७/१७

सूचना नम्बरः ०५४/२०८२/०८३

### छात्रवृत्तिको विस्तृत जानकारी सम्बन्धी सूचना ।

उपर्युक्त सम्बन्धमा लुम्बिनी बौद्ध विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन समितिबाट मिति २०८२/०७/१६ गते प्रकाशित सूचना बमोजिम यस सिटी क्याम्पस/स्कल अफ ल मा सञ्चालित स्नातकोत्तर तह र स्नातक तह कार्यक्रमको तपसिल सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको छात्रवृत्तिका लागि आवेदन आह्वान गरिएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/०८/०१ गते) कार्यालय समय भित्र छात्रवृत्ति आवेदन फाराम भर्ने विस्तृत जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । र छात्रवृत्ति फाराम पेश गर्दा लु.बौ.वि. छात्रवृत्ति, विद्यार्थी सहयोग तथा पुरस्कार सम्बन्धी विनियमावलि-२०७९ (संशोधनसहित) ले निर्धारण गरेको तपसिल बमोजिमको मापदण्ड र योग्यता पुगेको कागजात संलग्न गरि पेश गर्नुहुन समेत जानकारी गराईन्छ ।रित नपुगी प्राप्त आवेदन माथि कुनै कारबाही गरिने छैन ।

**पेश गर्नु पर्ने आवश्यक कागजातः (क्रमबद्ध)**

१ आवेदन फाराम (अनुसूचि २)

२ नेपाली नागरिकताको छाँयाप्रति,

३ विद्यार्थी परिचयपत्रको छाँयाप्रति,

४ आवेदन माग गरिएको सेमेस्टरको ग्रेडसिटको छाँयाप्रति,

५ अनुसूचि २ मा तोकिएको प्रमाणित कागजातको छाँयाप्रति,

**समावेसी समूहको आवेदन फाराम बुझाउनेको हकमा पेश गर्नुपर्ने कागजातः**

क) विपन्न कोटाको हकमा हालसालै (स्थानीय वडा कार्यालयबाट विपन्न भनी प्रमाणित सक्कल सिफारिस पत्र ।(विपन्न कोटामा छात्रवृत्तिका लागि आवेदन पेश गरी योग्यताक्रममा परेका विद्यार्थीहरुको आर्थिक अवस्थाबारे यथार्थ जानकारी लिनका लागि सिफारिस समितिले छुट्टै अनुगमन गर्न/गराउन सक्नेछ ।र अनुगमनबाट प्राप्त सिफारिसका आधारमा विपन्न कोटाको छात्रवृत्तिको योग्यताक्रम पुनःप्रकाशित गरिनेछ।)

ख) दुर्गम क्षेत्रको हकमा नेपाल सरकारले दुर्गम भनी सूचिकृत गरेको जिल्लाको तोकिएको स्थानीय तहको स्थायी बासिन्दा भएको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस।

Butwal-12, Rupandehi schooloflaw@lbu.edu.np 071-445537 lbu.edu.np

CamScanner

लुम्बिनी बौद्ध विश्वविद्यालय
LUMBINI BUDDHIST UNIVERSITY
स्कुल अफ ल
SCHOOL OF LAW

प.सं.
च.नं.

ग) अपाङ्ग ,शहिद तथा जनआन्दोलन घाईते पिडिततको हकमा ,अपाङ्ग भएमा राष्ट्रिय प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको कार्यालयबाट ,जनआन्दोलन घाईते वा निजको सन्ततिको र शहिद परिवारका छोराछोरीको हकमा नेपाल सरकार ,गृहमन्त्रालयबाट जारी गरिएको प्रमाणपत्र ।

घ) आदिवासी जनजातिको हकमा जनजाति उत्थान प्रतिष्ठान वा सम्बन्धित स्थानीय तहको कार्यालयबाट जारी गरिएको प्रमाण वा सिफारिस पत्र ।

ङ) मधेशी समूदायको हकमा नेपाल सरकारले सूचिकृत गरेको समूहबाट पर्ने गरी सम्बन्धित स्थानीय तहको कार्यालयबाट सिफारिसपत्र ।

च) पिछडिएको क्षेत्र समूदायको हकमा प्रचलित कानून बमोजिम पिछडिएको क्षेत्र वा समूदाय भनी स्थानीय वडा वा राष्ट्रिय समावेशी आयोगको सिफारिसपत्र वा सम्वन्धित वडा कार्यालयको सिफारिस ।

छ) स्थानीय छात्रवृत्ति कोटाका लागि विश्वविद्यालयले छात्रवृत्ति आवेदन माग गरेको शैक्षिक कार्यक्रम भएको स्कुल वा कलेज गाउँपालिका,नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका भित्र रहेको स्थायी स्थानीय बसोबास प्रमाणित हुने जन्मदर्ता, नागरिकता , बसाईसराई प्रमाणपत्र र विवाहित महिलाको हकमा सो क्षेत्र भित्रको स्थायी बसोबास भएको पुरुषसँगको विवाहदर्ता प्रमाणपत्र ।

**ज)** शिक्षक/कर्मचारी सन्तती छात्रवृत्तिका लागि विश्वविद्यालयको स्थायी सेवामा रहेको शिक्षक/कर्मचारीसँग नाता प्रमाणित हुने नेपाल सरकारले जारी गरेको प्रमाणपपत्र। (जन्मदर्ता वा नागरिकता वा नाता प्रमाणित सिफारिस)

द्रष्टव्यः सेमेस्टर उत्कृष्ट कोटा बाहेक अन्य कोटामा आवेदन दिदा अनुसूचि २ प्रमाणित फाराम पेश गर्नुपर्नेछ ।यसरी पेश भएको आवेदनमध्ये सार्वजनिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीहरुलाई छात्रवृत्तिमा प्राथमिकता दिईनेछ । कोटा खाली भएको अवस्थामा मात्र संस्थागत विद्यालयबाट उत्तिर्णलाई छात्रवृत्ति प्रदान गरिनेछ । र विपन्न कोटाको सिफारिस पत्र क्याम्पसले तोकेको ढाँचा प्रमाणित गराउनु पर्नेछ ।

छात्रवृत्ति सिफारिस समिति
सिटी क्याम्पस/स्कल अफ ल



CamScanner